पाठ ४

# प्रत्येक व्यक्तिलाई शिक्षणको आवश्यकता पर्छ

पोथीले आफ्ना बचेराहरूलाई गुँड़बाट घँचेडिदिएको घटनालाई के तपाईंले कहिल्यै देख्नुभएको छ? अब त्यस पोथीले सिकाउने प्रक्रिया शुरू गरेकी हो, जुनचाहिँ त्यस बचेराले आफ्नो हेरचाह नगरुञ्जेल रहिरहन्छ। हाम्रा छोराछोरीहरूसँग पनि हामी त्यसै गर्छौं। यस संसारमा कसरी जिउनुपर्छ भनी तिनीहरूका बाल्यकालदेखि नै हामी तिनीहरूलाई सिकाउँछौं।

ख्रीष्टियान शिक्षणका तीन उद्देश्यहरूलाई हामीले हेरेका छौं: आफूलाई उद्धारको आवश्यकता छ भनी मानिसहरूलाई सिक्नका लागि सहायता पुऱ्याउन, तिनीहरूका ख्रीष्टियान जीवनमा वृद्धि हुनका लागि तिनीहरूलाई सहयोग गर्न, र तिनीहरूलाई ख्रीष्टियान सेवामा अगुवाइ गर्न। प्रत्येक व्यक्तिलाई शिक्षणको किन आवश्यकता पर्छ भन्ने सम्बन्धमा अब हामी हेर्नेछौं। सबै मानिसका सृष्टिकर्ता, परमेश्वर प्रत्येक व्यक्तिले उहाँलाई चिनेको र उहाँलाई प्रेम गरेको चाहनुहुन्छ।



ख्रीष्टियान शिक्षणको सम्बन्धमा जति धेरै हामी सिक्छौं, हामी त्यत्ति नै असल शिक्षकहरू बन्छौं। हामीले चाहिँ सिकाउने इच्छा गर्नैपर्छ, यसरी केटाकेटीहरू, जवानहरू र बयस्कहरूको जीवन परिवर्तन हुनेछ। तपाईंले चिन्नुभएको प्रत्येक व्यक्तिको आवश्यकता बुझ्नका लागि प्रभुले सहायता गर्नुभएको होस् भनी प्रार्थना गर्नुहोस्। प्रभुको निम्ति शिक्षक बन्नका लागि यो पहिलो कदम हो।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

कसैलाई पनि छोडिएको छैन
- येशूको उदाहरण
- प्रत्येक व्यक्तिको आवश्यकता

प्रत्येक व्यक्ति फरक छ
- केटाकेटीहरू
- जवानहरू
- बयस्कहरू

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- खीष्टियान शिक्षण किन प्रत्येक व्यक्तिको निम्ति हो सो व्याख्या गर्न।
- विभिन्न उमेर समूहहरूले यस शिक्षणमा दिने बेग्लाबेग्लै प्रतिउत्तरहरूको वर्णन गर्न।
- सिकाउनका लागि सिक्नुपर्ने मूल्यतालाई बुझ्न।

---

## कसैलाई पनि छोडिएको छैन

---

उद्देश्य १ : *हामीले प्रत्येक व्यक्तिलाई सिकाउनै पर्छ भनी येशूले कसरी देखाउनुभयो व्याख्या गर्नुहोस्।*

### येशूको उदाहरण

प्रत्येक व्यक्तिलाई सिकाउनू भन्ने येशूको आज्ञालाई हामीले पाठ १ मा अध्ययन गरिसकेका छौं। उहाँले भन्नुभयो, ''यसकारण, जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ'' (मत्ती २८:१९)। यो अति नै ठूलो आज्ञा हो। हामी कसरी यसको आज्ञा पालन गर्न सक्छौं? हामीहरूमध्ये धेरै जना पूरै संसारभरि कहिल्यै पुग्दैनौं होला। अनि धेरै ठाउँमा जान सक्नेहरूले पनि प्रत्येक व्यक्तिलाई सिकाउन सक्ने छैनन्।

यस आज्ञालाई पालन गर्न सक्ने तरीकाचाहिँ सिक्नका लागि तपाईं इच्छुक हुनुपर्छ, अनि त्यसपछि तपाईंले चिन्नुभएका मानिसहरूलाई सिकाउनुपर्छ। प्रभुले तपाईंलाई सिकाउन लगाउनुहुने कोही-कोही व्यक्तिहरूचाहिँ मण्डलीमा नै होलान्। अरूहरूचाहिँ तपाईंको छिमेकमा वा तपाईंले काम गरिराख्नुभएको ठाउँमा हुन सक्छन्। तपाईंले परमेश्वरका सत्यताहरू सिकाउन चाहनुहुने

सबैभन्दा महत्त्वपूर्ण मानिसहरूचाहिँ तपाईंका आफ्नै घरमा छन्। तपाईंको परिवारलाई सिकाइनु आवश्यक छ।

यदि सबै ख्रीष्टियानहरूले आफूले चिनेका पुरुष, स्त्री र केटा-केटीहरूलाई शिक्षणमा परमेश्वरको अगुवाइको पालन गरे भने, प्रत्येक व्यक्तिलाई परमेश्वरको सन्देश सुनाउनका लागि त्यत्ति लामो समय लाग्दैन।

येशू हाम्रा उदाहरण हुनुहुन्थ्यो। उहाँको सन्देश, अर्थात् परमेश्वरको प्रेमको सुसमाचार प्रत्येक व्यक्तिको निम्ति थियो। तर उहाँले इस्राएलीहरू बसेका पालेस्टाइन देश कहिल्यै छोड्नुभएन। आफ्ना वरिपरि भएका सबै मानिसहरूलाई उहाँले सिकाउनुभयो। कहिलेकहीँ उहाँले आफ्नो शिक्षण सुन भनी मानिसहरूलाई आह्वान गर्नुभयो। हामी यस बारेमा मर्कूसको सुसमाचारमा पढ्छौं:

> येशूले मानिसहरूलाई फेरि आफूकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "तिमीहरू सबैले मेरा कुरा सुन र बुझ" (मर्कूस ७:१४)।

अरू समयहरूमा चाहिँ उहाँकहाँ आउनेहरूलाई उहाँले सिकाउनुभयो। यस बारेमा यूहन्नाले बताएका छन्:

> उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरूलाई शिक्षा दिनुभयो (यूहन्ना ८:२)।

हामीले सुसमाचारहरूमा येशूको जीवनलाई पढ्दा, उहाँले कसैलाई अस्वीकार गर्नुभएको कुरा हामीलाई कहीँ पनि बताइएको छैन। उहाँले तिनीहरूका आवश्यकताहरूलाई पूरा गर्नुभयो र आफूकहाँ आउने प्रत्येकलाई उहाँले सिकाउनुभयो। उहाँले कसैलाई पनि त्याग्नु वा छोड्नुभएन।

कहिलेकहीँ यस्तो विचार गर्नु हामीलाई सजिलो हुन्छ कि कोही व्यक्तिचाहिँ हाम्रो शिक्षाको निम्ति त्यत्ति योग्य छैन वा हामी विचार गर्छौं, कि त्यस व्यक्तिले कहिल्यै पनि सुसमाचार ग्रहण गर्नेछैन, यसैले त्यस व्यक्तिसँग हामी हाम्रो समय खेर फाल्न चाँहदैनौं। अनि, हाम्रा नेताहरूजस्तै अलि महत्त्वपूर्ण मानिसहरूलाई सिकाउन पनि हामी कति पल्ट हिच्किचाउँछौं।

मानिसहरूका बारेमा भएका हाम्रा भावनाहरूका आधारमा कसलाई सिकाउने र कसलाई नसिकाउने भनी हामीले निर्णय गर्न मिल्दैन। आफूले अवसर पाउँदा येशूले प्रत्येक समयमा सिकाउनुभयो र हामीले पनि सिकाउनैपर्छ।

### तपाईंको अभ्यासको निम्ति

१ "सबै ठाउँमा सबै मानिसहरूलाई" सिकाउनू भन्ने ख्रीष्टको आज्ञालाई तपाईं कसरी पालन गर्न सक्नुहुन्छ व्याख्या गर्नुहोस्। ........................................................

२ **ठीक** वाक्यहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** सिकाउनू भन्ने परमेश्वरको आज्ञा प्रत्येक व्यक्तिको निम्ति होइन।

**ख.** हाम्रा आफ्नै घरमा हुने मानिसहरूलाई पनि हामीले सिकाउनुपर्छ।

**ग.** सिकाउनू भनी हामीलाई दिइएको आज्ञा मत्ती २८:१६ मा पाइन्छ।

**घ.** सिकाउनका लागि आफू डराउनुभएपछि येशूले मानिसहरूलाई फर्काइदिनुभयो।

**ङ.** अगुवा (नेता)-हरूलाई मात्र येशूले सिकाउनुभयो।

**प्रत्येक व्यक्तिको आवश्यकता**

उद्देश्य २: *प्रत्येक व्यक्तिलाई शिक्षण गर्नुपर्ने कारणहरूको सूची बनाउनुहोस्।*

परमेश्वरको प्रेमको सन्देश प्रत्येक व्यक्तिको निम्ति हो भनी पावलले सिकाएका छन्। उनी एथेन्समा हुँदा उनले मानिसहरूलाई येशू र उहाँको पुनरुत्थानको बारेमा सिकाए। यस सम्बन्धमा तिनीहरूलाई व्याख्या गरिदिनु भनी जब मानिसहरूले उनीसँग बिन्ती गरे, यस संसार र यसमा भएका सबै थोक कसरी परमेश्वरले बनाउनुभयो भनी उनले तिनीहरूलाई बताइदिए। तब उनले भनेः

> यस्तो अज्ञानतका समयलाई परमेश्वरले ध्यान दिनुभएन, तर अब प्रत्येक ठाउँमा सब मानिसहरूलाई पश्चात्ताप गर्ने आज्ञा दिनुहुन्छ (प्रेरित १७:३०)।

पावलले रोमको मण्डलीलाई लेख्दा उनले फेरि व्याख्या गरेका थिए कि उद्धारको सम्बन्धमा भएको परमेश्वरको सन्देश प्रत्येक व्यक्तिको निम्ति होः

> धर्मशास्त्र भन्छ, "उहाँमाथि विश्वास गर्ने कोही लाजमा पर्नेछैन।" किनकि यहूदी र अन्यजातिमा केही भेद छैन।" उहाँ एउटै प्रभु सबैका प्रभु हुनुहुन्छ, र उहाँलाई पुकार्नेहरू, सबैलाई आफ्नो प्रशस्त आशिष् दिनुहुन्छ। किनकि "प्रभुको नाउँ पुकार्ने हरेकले उद्धार पाउनेछ।" (रोमी १०:११-१३)।

प्रत्येक व्यक्तिलाई सिकाइनु आवश्यक छ भनेर मात्र पुग्दैन। हामीले अर्को प्रश्नको उत्तर पनि दिनैपर्छ। प्रत्येक व्यक्तिलाई किन शिक्षणको आवश्यकता पर्छ? ख्रीष्टियान

नभएका मानिसहरूलाई पनि शिक्षणको आवश्यकता पर्छ, किनकि कसरी ख्रीष्टियान बन्नुपर्छ भन्ने सम्बन्धमा तिनीहरूलाई थाहा हुनु आवश्यक छ। तिनीहरूका हृदयमा शान्ति प्राप्त गर्नका लागि त्यहाँ अर्को कुनै बाटो छैन भनी तिनीहरूलाई सिकाइनुपर्छ। अनन्त जीवनमा पुग्ने बाटोचाहिँ येशू ख्रीष्टमा राखिएको विश्वासद्वारा हो।

तर ख्रीष्टियानहरूका बारेमा चाहिँ के छ त? के तिनीहरूलाई अझै शिक्षणको आवश्यकता पर्छ त? हो, सबैलाई सिकाइनु आवश्यक छ। हामी कोही पनि सिद्ध छैनौं र स्वर्ग नपुगुञ्जेलसम्म हामी सिद्ध हुने पनि छैनौं। हामीले सधैँभरि सिकिइरहनुपर्छ। त्यसै कारणले नै आफूले सेवा पुऱ्याएका ख्रीष्टियानहरूलाई पावलले सिकाएका थिएः

> प्रत्येक मानिसलाई चेताउनी दिँदै, र प्रत्येक मानिसलाई सारा बुद्धिमा सिकाउँदै हामी उहाँलाई घोषणा गर्दछौं, यस हेतुले कि प्रत्येक मानिसलाई ख्रीष्टमा परिपक्व बनाई प्रस्तुत गर्न सकौं (कलस्सी १:२८)।

प्रत्येक व्यक्तिलाई शिक्षणको आवश्यकता छ भनी देखाउन पावलले उदाहरण पनि दिएका छन्। १ तिमोथी ४:१-६ पढ्नुहोस्। तपाईंले पढ्नुहुँदा, आफ्नै निम्ति यी प्रश्नहरूको उत्तर दिनुहोस्। कुन दुइवटा शिक्षणहरूमा हामीले विश्वास गरेको शैतानले चाहन्छ? यी दुइ कुराहरूमा ठीक शिक्षण के हो भनी पावलले भनेका छन्? आफ्ना ख्रीष्टियान दाजु-भाइहरूका निम्ति तिमोथीले के गर्नुपर्ने थियो? आफ्नो निम्ति उनले के गर्नुपर्ने थियो?

शैतानले आफूले सकेसम्म झूटा शिक्षणहरू फैलाउँछ। विवाह गर्नु वा विभिन्न खानेकुराहरू खानु गल्ती हो भनी मानिसहरूले विचार गरेको ऊ चाहन्थ्यो। यदि शैतानले हामीलाई यी कुराहरूको सोचविचार गर्नका लागि अल्मलाएर राख्छ भने

हामीले परमेश्वरका सत्यताहरूका बारेमा विचार नै गर्दैनौं। आत्मिक रूपमा वृद्धि हुनबाट त्यसले हामीलाई रोक्छ। यसरी परमेश्वरको सत्यता मानिसहरूलाई सिकाइनुपर्छ भनी पावलले तिमोथीलाई जोड दिएका छन्। प्रत्येक व्यक्तिले सत्यता जान्नु आवश्यक छ। यदि तिनीहरूले सत्यता जानेनन् भने, शैतानले तिनीहरूका मनलाई झूटा कुराहरूले भरिदिन्छ।

**तपाईंको अभ्यासको निम्ति**

तल दिइएका प्रश्नहरूका निम्ति सबैभन्दा ठीक उत्तर छान्नुहोस्।

**३** के गरेर तपाई वर्तमान समयको पावल हुन सक्नुहुन्छ?

**क**. रोममा भएका मानिसहरूलाई शिक्षण दिएर।
**ख**. येशूलाई चिन्नेहरूलाई शिक्षण दिएर।
**ग**. येशूको आवश्यकता पर्ने प्रत्येकलाई शिक्षण दिएर।
**घ**. एथेन्सका मानिसहरूलाई शिक्षण दिएर।

**४** प्रत्येकलाई शिक्षणको आवश्यकता पर्छ

**क**. परमेश्वरको बारेमा धेरै ज्ञान प्राप्त गर्न।
**ख**. बुद्धि प्राप्त गर्न।
**ग**. येशू ख्रीष्टद्वारा अनन्त जीवन प्राप्त गर्न।

**५** शैतानका झूटहरूलाई जित्नका लागि हामीलाई कुन विषयमा शिक्षणको खाँचो पर्छ?

**क**. परमेश्वरका सत्यताहरू
**ख**. विश्व इतिहास
**ग**. ईमानदारिता

## प्रत्येक व्यक्ति फरक छ

उद्देश्य ३: *प्रत्येक उमेर समूहको आत्मिक सिकाइको भिन्नताको सूची बनाउनुहोस्।*

हामी सबै भिन्ना-भिन्नै छौं– केवल हाम्रो आत्मिक वृद्धिमा मात्र होइन तर, तर हाम्रो बुझाइको तहमा पनि। प्रत्येक व्यक्तिलाई परमेश्वरका सत्यताहरू सिकाइनु आवश्यक छ, तर बयस्कलाई जसरी हामी सिकाउँछौं, त्यसरी हामी एउटा बालकलाई सिकाउन सक्दैनौं। प्रत्येक उमेर समूह– केटा-केटीहरू, जवानहरू र बयस्कहरूलाई कसरी उत्तम प्रकारले सिकाउन सकिन्छ सो हामी अब हेर्नेछौं।

### केटाकेटीहरू

केटाकेटीहरू येशूका लागि महत्त्वपूर्ण छन्। तिनीहरूमध्ये कोचाहिँ स्वर्गमा सबैभन्दा ठूलो हुनेछ भनी उहाँका चेलाहरूले आपसमा वाद-विवाद गर्दा, उहाँले तिनीहरूलाई एउटा बालक देखाएर, तिनीहरूलाई भन्नुभयो:

> जसले मेरो नाउँमा यस बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ, र जसले मलाई ग्रहण गर्छ, त्यसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ। किनभने तिमीहरू सबैमध्ये जो सबैभन्दा सानो छ, त्यही ठूलो हुन्छ (लूका ९:४८)।

येशूका यी वचनहरूबाट हामीलाई थाहा हुन्छ कि हामीले हाम्रो शिक्षण सेवामा केटा-केटीहरूलाई पनि वास्ता गर्नैपर्छ। हामीले केटा-केटीहरूलाई कहिलेदेखि सिकाउन शुरू गर्नुपर्छ? आफ्ना छोराछोरीहरू सानै उमेरमा हुँदैमा आमा-बाबुहरूले घरैमा तिनीहरूलाई सिकाउन शुरू गर्नुपर्छ र तिनीहरूलाई मण्डली घरमा पनि लैजानुपर्छ। हाम्रा बाल-सङ्गति कार्यक्रमहरूले

पनि आवश्यकताअनुसारको शिक्षण तिनीहरूलाई प्रदान गर्छन्।

मेरा छोराछोरीहरूले बोल्न जानुभन्दा पहिल्यै म तिनीहरूका निम्ति पढ़िदिन्छु, र जन्मिनेबित्तिकै म तिनीहरूका निम्ति सधैँ गाउँछु। येशूलाई व्यक्तिका रूपमा चिन्दै तिनीहरू हुर्किन्छन् र हाम्रा परिवारका मित्रका रूपमा पनि तिनीहरूले उहाँलाई चिन्छन्।

यी नै कुराहरूका वरिपरि आफ्ना जीवनको बुझाइमा तिनीहरू वृद्धि हुँदैजान्छन्। आमा-बाबुले आफ्ना दुइ वर्षको छोरालाई घर बनाउन लगाउँदैनन्। सबैभन्दा पहिले बालकले काठको खेलौनाका घरहरू बनाउन सिक्छ। पछि गएर घन र आरो कसरी प्रयोग गर्नुपर्छ भन्ने बारेमा उसले सिक्छ।

बालकको आत्मिक जीवनमा वृद्धि यसरी नै हुन्छ। दुइ वर्षको बालकले येशूको मृत्यु र पुनरुत्थानको बारेमा बुझ्न सक्दैन। तर येशू मित्र हुनुहुन्छ भनी उसले विश्वास गर्न सक्छ।



विभिन्न उमेर समूहका केटा-केटीहरूले भिन्नाभिन्नै प्रकारले आत्मिक सत्यता सिक्छन् भनी तलको तालिकाले देखाउँछः

## सिक्ने विभिन्नता

| | *२-३ उमेरका* | *४-५ उमेरका* |
|---|---|---|
| **परमेश्वर** | परमेश्वर साँचो हुनुहुन्छ भनी अनुभव गर्छ | परमेश्वरलाई पिताको रूपमा विचार गर्छ |
| **येशू** | येशू उत्तम मित्र हुनुहुन्छ भनी अनुभव गर्छ | येशूको उपस्थितिको अनुभव गर्छ |
| **बाइबल** | विशेष किसिमको पुस्तक हो | विशेष किसिमको पुस्तक हो |
| **प्रार्थना** | साधारण प्रार्थनाहरू गर्छ | साधारण प्रार्थनाहरू गर्छ |
| **आत्मिक वृद्धि** | | ठीक र बेठीकको बारेमा थाहा पाउँछ |

| | *६-८ उमेरका* | *९-११ उमेरका* |
|---|---|---|
| **परमेश्वर** | परमेश्वरलाई प्रेमी न्यायाधीशको रूपमा देख्छ | परमेश्वरलाई महान् र पवित्र भनी देख्छ |
| **येशू** | येशूलाई प्रतिउत्तर दिन्छ र मुक्तिदाताका रूपमा उहाँलाई ग्रहण गर्छ | येशूलाई दिन प्रतिदिन अझै राम्रोसँग चिन्छ |
| **बाइबल** | पढ्न शुरू गर्छ | पढ्ने बानी बसाल्छ र बाइबलका पदहरूलाई कण्ठ गर्छ |
| **प्रार्थना** | प्रार्थनामा विश्वास राख्छ | प्रार्थना गर्ने बानी बस्छ |
| **आत्मिक वृद्धि** | परमेश्वरको सहायतालाई जान्न सक्छ | अन्य आत्मिक आवश्यकताहरूका बारेमा वास्ता राख्छ |

तपाईं आमा-बाबु वा केटाकेटीहरूका शिक्षक जो हुनुभए तापनि तपाईंले यस तालिकालाई अध्ययन गर्नैपर्छ। बाइबलबाट कुन आत्मिक सत्यताहरू तपाईंका छोराछोरीहरूलाई सिकाउनुपर्छ भनी जान्न यसले तपाईंलाई सहायता पुऱ्याउनेछ।

**तपाईंको अभ्यासको निम्ति**

**६** तल दिइएको प्रत्येक **ठीक** बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क.** केटा-केटीहरू सानै भएका हुनाले येशूको बारेमा तिनीहरू-लाई सिकाउनु त्यत्ति उचित हुँदैन भनी उहाँले अर्थ लगाउनुभयो।

**ख.** हाम्रो शिक्षण सेवामा हामीले केटा-केटीहरूलाई समावेश गर्नैपर्छ।

**ग.** केटा-केटीहरू दुइ वर्षका पुगेपछि पुनरुत्थानको बारेमा सुन्नका लागि तयारी भएका हुन्छन्।

**घ.** केटा-केटीहरूलाई सानै उमेरदेखि नै येशू र उहाँको प्रेमको बारेमा सिकाउन सकिन्छ।

**७** केटा-केटीहरूले कठिन कुराहरू नबुझ्ने हुनाले

**क.** परमेश्वरको बारेमा सिक्ने उमेर नपुगुञ्जेल हामी पर्खिनुपर्छ।

**ख.** तिनीहरूका निम्ति भएको येशूको प्रेमको बारेका साधारण सत्यताहरू सानैदेखि नै सिकाउन शुरू गर्नुपर्छ।

**जवानहरू**

एउटा बालक जवान वा किशोर अवस्थामा पुगेपछि अझै धेरै परिवर्तन हुन्छ। बालक छँदा आफूले विश्वास गरेका

कुराहरूका सम्बन्धमा यति बेला उसले प्रश्नहरू गर्न थाल्छ। यसैले नै उसलाई सहायता पुऱ्याउनका लागि शिक्षकहरूले धेरै कुराहरू गर्नु आवश्यक छ। तिनीहरूले यी कुराहरू गर्नुपर्छः

१. *उसका प्रश्नहरूका उत्तर दिनुहोस्।* एक जवानले जस्तोसुकै प्रश्न सोधे तापनि, उसले उत्तर पाउनु आवश्यक छ। कहिलेकहीँ यो कठिन हुन्छ तर परमेश्वरको सहयोगद्वारा उहाँको तरीका नै सबैभन्दा उत्तम हो भनी देखाउनका लागि हामी उत्तरहरूको खोजी गर्न सक्छौं।

२. *उसले बोलेका कुराहरू सुन्नुहोस्।* उसको मनले छिटो-छिटो काम गरेको हुन्छ र उसले पूरै जीवनको अर्थलाई खोज-तलास गर्छ। आफूले देखेको र सिकेको कुरालाई ऊ बाँड्चूँड् गर्न चाहन्छ, चाहे यो उसले स्कूलमा दिएको विज्ञानको जाँचको व्याख्या वा साथीको गाडीको वर्णन जुनसुकै होस्। उसले तपाईंलाई आफ्ना विचारहरू बताउन चाहन्छ र उसका कुराहरू पनि सुन्न आवश्यक छ।

३. *उदाहरण देखाउनुहोस्।* ख्रीष्टियान विश्वासले वास्तवमा काम गर्छ भनी जवान व्यक्तिले देख्नु आवश्यक पर्छ। तपाईंका आफ्नै आवश्यकताहरू र उत्तर पाइएका प्रार्थनाहरूको बाँड्चूँड् गर्नुहोस्। तपाईंको जीवनमा येशूले काम गरिरहनुभएको उसले देख्दा, तपाईंले सिकाउनुभएको कुरा सत्य हो भनी उसले थाहा पाउनेछ।

४. *उसको जीवनमा परमेश्वरको सत्यतालाई प्रयोग गर्नुहोस्।* ऊसँग प्रार्थना र काम गर्नुहोस्, यसरी परमेश्वरको प्रतिज्ञाका सत्यताहरूलाई उसले आफ्नो निम्ति सिक्न सक्नेछ। आफ्नै जीवनमा परमेश्वरले काम गर्नुभएको उसले देख्नु आवश्यक छ। यसले उसको विश्वासलाई निर्माण गर्छ।

### तपाईंको अभ्यासको निम्ति

८ तल दिइएको प्रत्येक वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. हाम्रो जीवनमा परमेश्वरले काम गर्नुहुन्छ भनी जवानहरूले देख्नु आवश्यक छ।

**ख**. जवान व्यक्तिका सबै प्रश्नहरूलाई हामीले उत्तर दिने कोशिश गर्नुहुँदैन।

**ग**. जवानहरूलाई समय दिएर तिनीहरूका कुरा सुन्नु महत्त्वपूर्ण छ।

**घ**. जवानलाई सिकाउने महत्त्वपूर्ण तरीकाचाहिँ असल उदाहरण बन्नु हो।

९ एक जवान उसको आत्मिक वृद्धिमा फरक छ, किनकि

**क**. उसलाई के सिकाइएको थियो, उसले त्यो कहिल्यै बुझेन।

**ख**. उसले बयस्कहरूका कुरा सुन्दैन।

**ग**. ऊ बालक छँदा उसले विश्वास गरेका सबै कुराहरूमा अब ऊ प्रश्न गर्न शुरू गर्छ।

**बयस्कहरू**

केटाकेटीहरू र जवानहरूले भन्दा बयस्कहरूले बाइबललाई अझै राम्रोसँग बुझ्न सक्छन्। तिनीहरूले सिकेका सत्यताअनुसार तिनीहरूले जिउनुपर्छ भनी तिनीहरूलाई अझै सिकाइनु आवश्यक छ। यदि तिनीहरूले यसरी जिएनन् भने, तिनीहरू आत्मिक रूपमा वृद्धि हुन सक्दैनन्। तर, परमेश्वरले आफ्नो वचनद्वारा तिनीहरूलाई अह्राउनुभएको काम तिनीहरूले गरे भने, तिनीहरूलाई

अझै गहिरा सत्यताहरू सिकाउन सकिन्छ र तिनीहरू निरन्तर रूपमा वृद्धि भइरहन सक्छन्। वचनको शिक्षणले बयस्कहरूका जीवनमा ठूलो परिवर्तन ल्याउनैपर्छ।

बयस्कहरूलाई सिकाइनुपर्छ कि येशू ख्रीष्ट तिनीहरूका जीवनमा प्रभु र मण्डलीका शिर हुनुपर्छ। हामी सबै जना बेग्ला-बेग्लै भए तापनि, येशूको निम्ति हामी कसरी जिउन सक्छौं भन्ने कुरा उहाँले हामी प्रत्येकलाई सिकाउनुभएको छ। जब हामी आज्ञा पालन गर्छौं, हामी उहाँलाई हाम्रो जीवनका प्रभु बनाउँछौं।

बयस्कहरू र विश्वासीहरूका रूपमा, हामी वचनका शिक्षकहरू हुन सक्छौं। शिक्षकहरू आफ्ना विद्यार्थीहरूका बारेमा सिक्नका लागि परमेश्वरसँगै सहकर्मीहरू हुन्। तिनीहरूका आवश्यकताहरूका बारेमा हामी जति धेरै जान्दछौं, तिनीहरूले सिक्नुपर्ने कुराहरू सिकाउनका लागि हामी सक्षम हुन्छौं।

प्रत्येक व्यक्तिलाई सिकाइएको परमेश्वरले चाहनुहुन्छ। तर हामीले बेग्लाबेग्लै किसिममा सिक्ने हुनाले, हामीले बाइबललाई अध्ययन गर्नु आवश्यक छ र विभिन्न तहका विद्यार्थीहरूलाई तिनीहरूका आवश्यकताअनुसार सिकाउनका लागि विभिन्न तरीकाहरू जान्नुपर्नेछ।

**तपाईंको अभ्यासको निम्ति**

प्रत्येक वाक्यलाई पूरा गर्नका लागि कोष्ठमा दिइएका ठीक उत्तरलाई छान्नुहोस्।

१० बयस्कहरूलाई .......................... सिकाउन सकिन्छ।

(छिटो\गहिरा सत्यताहरू)

११ जब बयस्कले परमेश्वरको वचनबाटका सत्यताहरूलाई पालन गर्दैन ऊ ..................................................
(आत्मिक रूपमा वृद्धि हुन सक्दैन\ अझै सिकाउन सक्छ)

१२ शिक्षकहरू .................................................. हुन्।
(बयस्कहरू मात्र\ परमेश्वरसँग सहकर्मी)

१३ अब तपाईंलाई विभिन्न व्यक्तिहरू र विभिन्न उमेर समूहका बीचको भिन्नता थाहा छ, कसैलाई सिकाउने मौका तपाईंलाई मिल्यो भने तपाईंले के गर्नुहुन्छ?

..................................................................

..................................................................

..................................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

१३ म त्यस व्यक्तिलाई चिन्न चाहन्छु। त्यो व्यक्ति ख्रीष्टियान हो वा होइन, सर्वप्रथम म पत्ता लगाउन चाहन्छु। तब उसको उमेर तहमा उसले बुझ्न सक्ने कुराहरू म उसलाई सिकाउनेछु।

१ तपाईंले चिन्नुभएका मानिसहरूलाई सिकाएर।

१२ परमेश्वरसँग सहकर्मी

२ **क** बेठीक
**ख** ठीक
**ग** ठीक
**घ** बेठीक
**ङ** बेठीक

११ आत्मिक रूपमा वृद्धि हुन सक्दैन।

३ ग) येशूको आवश्यकता पर्ने प्रत्येकलाई शिक्षण दिएर।

१० गहिरा सत्यताहरू।

४ ग) येशू ख्रीष्टद्वारा अनन्त जीवन प्राप्त गर्न।

६ ग) ऊ बालक छँदा उसले विश्वास गरेका सबै कुराहरूमा अब ऊ प्रश्न गर्न शुरू गर्छ।

५ क) परमेश्वरका सत्यताहरू

५ क ठीक
  ख बेठीक
  ग ठीक
  घ ठीक

६ क बेठीक
  ख ठीक
  ग बेठीक
  घ ठीक

७ ख) तिनीहरूका निम्ति भएको येशूको प्रेमको बारेमा साधारण सत्यताहरू सानैदेखि नै सिकाउन शुरू गर्नुपर्छ।